का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ भदौ २०७९,
सोमबार
22 August 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १९८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

सम्झनामा प्रदीप गिरि

## बौद्धिक व्यक्तिको महाप्रस्थान



*नेपाली कांग्रेसका नेता प्रदीप गिरीको पार्थिव शरीरमा पार्टी कार्यालय सानेपामा आइतबार पार्टीको झण्डा ओढाई श्रद्धाञ्जली अर्पण गर्दै नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल,उपसभापति पूर्णबहादुर खड्का लगायत नेता तथा कार्यकर्ता । तस्बिर : प्रदीपराज वन्त/रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

'पद लिएर मात्रै ठुलो मानिस भइँदैन' भन्ने आदर्श बोकेका प्रदीप गिरि सोही चरितार्थ गरेर विदा भएका छन । गिरिले जीवनभर लाभको पद लिएनन् । लाभका लागि आएका प्रस्तव अस्वीकार गरेर उनले निरन्तर सत्तामाथि प्रश्न गर्दै आम जनताका कुरा संसदमा उठाए। सादगी जीवन, निष्ठा र आदर्शको प्रतीक कहलिए । उनलाई श्रद्धाञ्जली दिने अधिकांशको एउटै बोली छ- गिरिका ब्यवहारले नै पनि नेपाली राजनीतिलाई बाटो देखाएको छ।

> सादगी जीवन, निष्ठा र आदर्शको प्रतीक मानिएका प्रदीप गिरि अब स्मरणमा मात्रै रहनेछन् । उनलाई श्रद्धाञ्जली दिने अधिकांशको एउटै बोली छ- गिरिका ब्यवहारले नै पनि नेपाली राजनीतिलाई बाटो देखाएको छ ।

प्रदीपकै भाषामा उनी ' ती वक्तामध्ये होइन, त्यस्ता सांसदमध्ये होइन, त्यस्तो प्रतिपक्षको सदस्य होइन जसले बिना कारण अत्तो थापेर सरकारलाई विरोधका लागि विरोध गर्ने गरेको छ।

संविधानसभाका अध्यक्ष समेत रहेका नेकपा एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ प्रदीपलाई सम्झँदै भन्छन्, 'संसदमा प्रदीप गिरीले बोल्ने भनेपछि सबै सांसद पर्खिएर बस्थे।' नेम्वाङ्का अनुसार मार्क्सवादको बारेमा समेत गहिरो अध्ययन गर्ने नेता स्व गिरी सबैका प्रिय नेता थिए ।

पूर्वउपसभामुख पूर्णाकुमारी सुवेदी अब संसदमा गिरीको अभाव खड्किने बताउँछिन्। उनी सम्झिन्छिन्, संसद् चलिरहँदा सदन बाहिर, क्यान्टिनमा रहेका सांसद पनि उहाँ (स्व गिरी) को विचार सुन्न चाहनुहुन्थ्यो।'

नेताहरुले भने जस्ते अब सादगी जीवन, निष्ठा र आदर्शको प्रतीक मानिएका प्रदीप स्मरणमा मात्रै रहनेछन् ।

नेपाली कांग्रेसले दिवंगत नेता गिरीप्रति उच्च सम्मान प्रकट गर्दै तीन दिनसम्म पार्टीको केन्द्रीय र मातहतका सबै कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको छ। पार्टीले शोक श्रद्धाञ्जलीका कार्यक्रमबाहेक अरु सबै कार्यक्रम स्थगित गरेको छ।

कांग्रेसले भदौ ६ गते सोमबार केन्द्र तथा मातहतका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ औँ दिन (भदौ १६ गते) सम्म केन्द्र र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको छ। १३ औँ दिन (भदौ १६ गते) मा केन्द्र र सबै जिल्लामा शोकसभाको आयोजना गर्ने बैठकले निर्णय गरेको छ।

पिता मित्रलाल गिरी र माता पुण्यप्रभा गिरीको कोखबाट विसं २००४ असोज २४ गते सिरहाको बस्तीपुरमा जन्मिका गिरीले भारतको जवाहरलाल नेहरु विश्वविद्यालयबाट अर्थशास्त्र र दर्शनशास्त्रमा स्नाकोत्तर गरेका थिए। पढाइ सकेर उनी राजनीतिमा लागे, लोकतन्त्र र आर्थिक नीतिमा समाजवादको व्यावहारिक व्याख्याता, ग्रामीण – बाँकी पृष्ठ २ मा

# आशासँगै आशंका

सत्तारुढ दलहरुबीच सिट बाँडफाँटको गृहकार्य चलिरहेको छ । कार्यदल बनाएर बाँडफाँट टुंग्याउने प्रयत्न भएपनि सम्भव भने भइरहेको छैन । तर नेताहरुमा भने गठबन्धनको आशासँगै आशंका पनि देखिन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

नेकपा एकीकृत समाजवादीका नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले चुनावसम्म गठबन्धन हुनेमा आशंका गरेका छन् । बुटवल पुगेका खनालले गठबन्धन चुनावसम्म कायम रहनेमा आशंका देखिएको बताएका छन्। स्थानीय चुनावदेखि नै खनाल नेपाली कांग्रेस नेतृत्वको गठबन्धनप्रति असन्तुष्टि जनाउँदै आएका छन् ।

कांग्रेसमा गठबन्धनप्रति इमान्दारिता नदेखिएको भन्दै वाम गठबन्धन गरिनुपर्ने मत खनालले राख्दै आएका छन् । त्यसका निम्ति नेकपा एमालेका नेताहरुसँग लगातार छलफलमा पनि खनाल बसेका छन् । तर एमालेसहितको वाम तालमेल सम्भव हुन सकिरहेको छैन। बरु सत्तारुढ दलहरुबीच नै साझा उम्मेद्वारी दिनेबारे गृहकार्य अगाडि बढेको छ ।

गएको २० साउनमा मात्रै गठबन्धनका दलहरुले सिट बाँडफाँट टुंग्याउन कांग्रेस नेता कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा कार्यदल बनाएका छन्। तर त्यो कार्यदलले सहमति जुटाउन सकेको छैन। बाँडफाँटको मापदण्ड टुंग्याउन समेत शीर्ष नेताहरुको सहमति खोजिरहेको छ। सिट भागबण्डाबारे सैद्धान्तिक सहमति भएपनि व्यवहारिक कठिनाइका कारणले ठोस निर्णय हुन सकिरहेको छैन। यस्तोमा गठबन्धनकै शीर्ष नेताहरुमा गठबन्धनप्रति आशंका देखिन्छ ।

पूर्वप्रधानमन्त्री खनालजस्तै शनिबार मात्रै कांग्रेसका महामन्त्री गगन थापाले पनि तालमेल चाहना नभएको बताएका थिए । कांग्रेसभित्र इतर समूहका नेता थापासँगै शेखर कोइराला पनि तालमेलको विपक्षमा मत राख्दै आएका छन्। कोइराला र थापाले गएको स्थानीय चुनावमा पनि तालमेलको विरोध जनाएका थिए । तर त्यसबेला तालमेल हुँदा कांग्रेसलाई नै बढी लाभ मिल्यो ।

कांग्रेसले ७५३ मध्ये ३२९ स्थानीय तह जितेर पहिलो दलका रुपमा आफूलाई स्थापित गरेको छ। एमाले भने २०५ स्थानीय तह जितेर दोस्रो दल बन्दा नेकपा माओवादी केन्द्रले पनि नतिजा सुधारेको छ। अघिल्लो चुनावमा भन्दा बढी अर्थात् १२१ स्थानीय तह माओवादी केन्द्रले जितेको छ। अघिल्लो चुनावमा १०६ स्थानीय तहको प्रमुख माओवादीले जितेको थियो । जनता समाजवादी पार्टी र एकीकृत समाजवादीले पनि तालमेलको राम्रै लाभ पाएका छन्। फेरि आगामी प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा पनि तालमेल गर्दा राम्रो नतिजा आउनेमा – बाँकी पृष्ठ २ मा



## कविरामलाई आफ्नै नाममा नागरिकता



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

दैलेखको भगवती गाउँपालिका- ५ का कविराम कामीले अपमानित हुने किसिमको नामबाट जारी भएको नागरिकताको नाम परिवर्तका लागि निवेदन दिएका थिए। निवेदन दिएको केही दिनपछि आइतबार सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उनलाई सोही अनुसार नागरिकता दिएको छ। तर, यसका लागि कविरामले मेहनत गर्नुपर्‍यो, सामाजिक दबाब र खबरदारीको साथ पाउनुपर्‍यो। सामाजिक दबाबपछि जिल्ला प्रशासन कार्यालय दैलेखले यसअघि कुकुर कामी नाममा जारी भएको नागरिकता सच्याएर वास्तविक नाममा नागरिकताको प्रमाणपत्र दिएको छ।

विगतमा अपमानजनक नाम राखेर नागरिकता जारी भएको भनी बिभिन्न संचारमाध्यमले उटठाएपछि यो विषयलाई सामाजिक संजाल प्रयोगकर्ताहरुले पनि साथ दिएर सरकारलाई खबरदारी गरे। गृहमन्त्रालयले प्रमुख जिल्ला अधिकारीलाई सर्कुलर नै गरेर अपमानजनक नाम राखेर जारी भएका नागरिकतामा नाम सच्याउन भनी परेको निवेदनका आधारमा सच्याइदिन निर्देशन नै जारी गरेको थियो। गृहमन्त्रालयको निर्देशनपछि कविरामले वास्तविक नाममा नागरिकता प्राप्त गरेका हुन।

दैलेखकै भगवतीमाई गाउँपालिका-३ का कर्णबहादुर विकले पनि वास्तविक नाम उल्लेख गरेर नागरिकता लिएका छन्। उनको विगतको नागरिकतामा नाम- ठगे विक थियो। यस्तो नाममा जारी भएको नागरिकता सच्याएर वास्तविक नाममा नागरिकता दिइएको हो। दैलेख जिल्ला प्रशासन कार्यालयका अनुसार कविराम र कर्णबहादुरले २४ साउनमा नाम फेर्न निवेदन दिएका थिए। आइतबार वास्तविक नाममा नागरिकता पाएका हुन।

कविरामका अनुसार ०४६ सालमा गाउँमा नागरिकता बनाउने क्रममा प्रधानपञ्चले उनलाई नाम 'कुकुर' लेखेर नागरिकता दिएका थिए। कर्णबहादुरको पनि उस्तै कथा थियो।

अझ कर्णबहादुरले कक्षा ७ सम्म पढेका छन्। उनका अनुसार उनले ३० वर्ष अगाडि नै कक्षा ७ सम्म पढेका हुन। तर, त्यसबेला नाम सच्याउने प्रावधानबारे प्रष्ट थिएनन्। अहिले नाम फेरिएपछि कविराम र कर्णबहादुर दुबै र उनीहरुका परिवार समेत खुसी भएका छन।

## समावेशी भाषण, असमावेशी निर्णय

२१ सदस्यीय पदाधिकारीमा खसआर्य पुरुषको बाहुल्यता छ । दलितको सहभागिता शून्य छ, जनजाति तर्फ ४ जना छन् । मधेसी समुदायबाट उपमहासचिवमा २ जना छन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले हरेक भाषण वा मन्तब्यमा आफूहरुकै कारण नेपालमा समावेशी समानुपातिक प्रणालीको विकास भएको दाबी गरिरहन्छन् । त्यत्तिमात्रै होइन, माओवादी केन्द्रले हरेक वर्ग, लिंग, क्षेत्र, सम्प्रदायलाई समेटेर मात्रै अघि बढ्ने पनि दाबी गर्छन् । तर, उनको दाबी भने भाषणमा मात्रै सिमित देखिएको छ । समावेशिताको स्थापनाकार मानेक उनै प्रचण्डले आफैँले बनाएको पदाधिकारी असमावेशी बनाएका छन् ।

२१ सदस्यीय पदाधिकारी चयन गर्दा उनले १ जना महिलामात्रै समेटेका छन, जसमा दलित महिलाको सहभागिता शून्य छ । अनि पदाधिकारीमा पनि खसआर्य पुरुषको मात्रै बाहुल्यता देखिएको छ भने दलितको सहभागिता शून्य नै देखिन्छ । जनजाति तर्फ भने वरिष्ठ उपाध्यक्षमा नारायणकाजी श्रेष्ठ, महासचिवमा देव गुरूङ, उपमहासचिवमा वर्षमान पुन र सचिवमा हितमान शाक्यसहित ४ जना रहेका छन्। त्यस्तै, मधेसी समुदायबाट भने उपमहासचिवमा मातृका यादव र सचिव – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

श्रममन्त्री कुँवरले सुने कामदारका गुनासो

## प्रमाणसहित उजुरी दिए कामदार ठग्नेलाई कारबाही गर्ने प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुंवरले वैदेशिक रोजगारीका क्रममा ठगिएकाहरूले स-प्रमाण उजुरी दिए कारबाही गर्ने प्रतिबद्धता जनाएका छन् । प्रत्यक्षरुपमा स्वदेश तथा विदेशमा कार्यरत कामदारको गुनासो सुन्ने साप्ताहिक कार्ययोजना बनाएका मन्त्री कुँवरले आइतबार पहिलो दिन बिहान ११ बजेदेखि १२ बजेसम्म ६ जना कामदारको गुनासो सुने ।



मन्त्री कुँवरले वैदेशिक रोजगारीका लागि जाने कामदारलाई अनुचित प्रलोभन दिएर ठगी गर्ने व्यक्ति वा संस्थाका सम्बन्धमा पीडितले प्रमाणसहित उजुरी दिए तत्काल कारबाही गर्ने बताए । वैदेशिक रोजगारीमा जाने क्रममा १० वर्ष अगाडि ठगी गर्ने व्यक्तिसमेतलाई पक्राउ गरिएको भन्दै मन्त्री कुँवरले ठगी गर्ने व्यक्ति केही समयको लागि लुकेर सुरक्षित भएपनि उनीहरू कारबाहीबाट नबच्ने बताए ।

त्यस अवसरमा वैदेशिक रोजगारीमा रहेकाहरूले विदेशमा मृत्यु भएका कामदारको शव समयमै नेपाल ल्याउन नसक्दा – बाँकी पृष्ठ २ मा



# कर्णालीमा चाजिङ्ग स्टेशन निर्माणका लागि सम्भाव्यता अध्ययन शुरु

**हेमन्त केसी/मध्यान्ह**
सुर्खेत, ५ भदौ

कर्णाली प्रदेश जलस्रोत तथा उर्जा विकास मन्त्रालयले विद्युतीय यातायात सञ्चालनका लागि अध्ययन शुरु गरेको छ। मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा बजेट विनियोजन गरी चाजिङ्ग स्टेशन निर्माण गर्न सम्भाव्यता अध्ययन गरी गर्न लागेको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकार स्थापनासँगै नयाँ स्थापना भएको जलस्रोत तथा उर्जा विकास मन्त्रालयले यातायातका साधनहरु पेट्रोलियम पदार्थबाट सञ्चालन भन्दा पनि विद्युतीय माध्यमबाट चाजिङ्ग गरी सञ्चालनमा ल्याउन पहल शुरु भएको योजना महाशाखा प्रमुख गोपाल शर्माले जानकारी दिए।

कोहलपुरदेखि सुर्खेतसम्म १३२ केभी विद्युत प्रशारण लाइन निर्माण कार्य तिब्र रहेको अवस्थामा यत्ता मन्त्रालयले चाजिङ्ग स्टेशन निर्माण गर्न सम्भाव्यता अध्ययन शुरु गर्न लागेको छ।




प्रदेश राजधानी सुर्खेतमा यातायात साधनहरुको चाप बढ्दै जाँदा पेट्रोलियम पदार्थको मागसमेत भारी मात्रामा वृद्धि भएको छ। तेलबाट चल्ने यातायातका साधनहरुको चाप बढ्दै जाँदा विद्युतीय सवारी साधनहरुको संख्या वृद्धि गर्न मन्त्रालयले यो कदम चालेको जलस्रोत तथा उर्जा विकासमन्त्री गणेश प्रसाद सिंहले जानकारी दिए।

'सम्भाव्यता अध्ययन पुरा हुन वित्तिकै स्टेशन निर्माण हुने छ, ठाउँठाउँमा हुने सम्भाव्यता अध्ययनले कति वटा कुन ठाउँमा चाजिङ्ग स्टेशन निर्माण गर्दा उपयूक्त हुन्छ भन्ने फाइनल प्रतिवेदन आएपछि निर्माणको काम शुरु हुने मन्त्री सिंहले भने।

त्यस्तै मन्त्रालयले कर्णालीका अधिकांश ठाउँमा साना तथा लघु जलविद्युत आयोजना निर्माण हुनुका साथै मर्मत कार्य जारी रहेको सन्दर्भमा केन्द्रीय प्रशारण लाइन विस्तारलाई पनि तिव्रता दिएको छ। अहिले ३३ केभी प्रशारण लाइन चालु अवस्थामा रहेको छ। सुर्खेतमा मात्र तीन ठाउँबाट विद्युतीकरण गर्नका लागि काम सुरु भएको मन्त्री सिंहले जानकारी दिए। कोहलपुर छिन्चु हुदै जाजरकोट डोल्पा सडक खण्ड, छिन्चु, सुर्खेत दैलेख हुँदै कालिकोट जुम्ला रारा सडक चालु अवस्थामा रहेका छन्।

त्यस्तै दाङ सल्यान हुँदै रुकुम पश्चिम जोड्ने सडक समेत सञ्चालनमा रहेको छ। सवारी साधनको चापको अवस्था हेरेर स्टेशन निर्माणको काम गर्ने मन्त्रालयको लक्ष्य रहेको छ।

केन्द्र सरकारले समेत चाजिङ्ग स्टेशन निर्माण कार्य जारी राखेको अवस्थामा प्रदेश सरकारले पनि सो कुरालाइ ध्यान दिएर योजनामुखी भएर काम शुरु गर्न लागेको मन्त्रालयका सचिव देवराज निरौलाले जानकारी दिए। कर्णाली प्रदेशमा ठुला विद्युतका आयोजनाहरु समेत निर्माण कार्य शुरु गर्न लाग्दा चाजिङ्ग स्टेशन निर्माणको योजनाले सफलता पाउने विश्वास लिएको मन्त्री सिंहले बताए।

जगदुल्ला जलविद्युत आयोजना (१०६ मेगावाट), नलगाड जलविद्युत आयोजना (३१७ मेगावाट), ताक्सुगाड जलविद्युत आयोजना (६ मेगावाट), रारा जलविद्युत आयोजना लगाएतका अन्य आधा दर्जन योजनाहरु निर्माण चरणमै रहेका छन्। प्रदेशमा पहिचान भएका २० मेघावाट सम्मका जलविद्युत आयोजनाहरुको स्क्रिनिङ, श्रेणीकरण गरी निर्माणको प्रक्रिया अघि बढाउने कार्य मन्त्रालयले अगिंकार गरेको छ।

विद्युत विकास कम्पनी स्थापना तथा जलविद्युत नविकरणीय उर्जा लगाएतका अन्य योजनाहरुको विस्तृत अध्ययन तथा सर्वेक्षण गर्नका लागि बजेट विनियोजना गरी यसै आर्थिक वर्षमा काम शुरु हुन लागेको छ। त्यस्तै पीपीपी मोडलमा सौर्य उर्जा जडान कार्य समेत मन्त्रालयले गर्न लागेको छ।

### सम्झनामा...

किसान, मजदूर एवं विपन्न परिवारलाई विकासको केन्द्रविन्दुमा राखेर निरन्तर आवाज उठाए।

कांग्रेस पार्टीमा मात्रै नभएर नेपाली र विदेशी राजनीतिक समकक्षीबीच लोकप्रिय गिरिलाई प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवा, कांग्रेस पदाधिकारी एवं सदस्यहरु, पार्टीका कार्यकर्ताहरु, सभामुख अग्निप्रसाद सापकोटा, पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले श्रद्धाञ्जली दिए। साथसाथै नेपाल सरकारका मन्त्रीहरु, महान्यायाधिवक्ता, उच्च सरकारी अधिकारीहरुले पनि श्रद्धाञ्जली दिए। अन्तर्राष्ट्रिय जगतले पनि गिरिलाई श्रद्धाञ्जली दिए। खासगरी, भारतीय शीर्ष नेताह्रले श्रद्धाञ्जली दिएका हुन।

### आशासँगै...

गठबन्धनका दलहरु आशावादी छन्।

तर सँगै तालमेलप्रति उत्तिकै आशंका देखिन्छ। कांग्रेसमा जुनसुकै बेला कम्युनिष्टले धोका दिन्छ भन्ने बुझाइ देखिन्छ। गठबन्धनका कम्युनिष्ट पार्टीहरुलाई भने कांग्रेस एक्लैले बहुमत ल्याएर आफूलाई जुनसुकै बेला धकेल्ने नीति लिन सक्छ भन्ने आशंका देखिन्छ।

### समावेशी...

गणेश साह रहेका छन्।

त्यस्तै, माओवादी केन्द्रको ४१ सदस्यीय स्थायी कमिटीमा १० नयाँसहित ११ जना महिला चयन भएका छन्। तर, माओवादी केन्द्रकी नेतृ रेखा शर्मा भने पदाधिकारी चयन नहुनु भन्दा ढिलै भएपनि पदाधिकारी चयन हुनु सकारात्मक भएको बताउँछिन्।

'कमसेकम पदाधिकारी चयन भयो, त्यो राम्रो भयो। कमिटी बन्नु नै ठूलो कुरा हो। पार्टीका कमिटीहरूमा ३५ प्रतिशत पुऱ्याउने भनिए पनि त्यस्तो हुन सकेको छैन, 'स्थायी कमिटीमा एकैचोटी हामी १० जना महिलाले मौका पाएका छौं। अहिले नभए पनि यो क्रम पदाधिकारीमा पनि हुन्छ' उनले भनिन्। यद्यपि, उनी समावेशिताका मुद्धामा भने पार्टी नेतृत्व सचेत नभएको भन्दै असन्तुष्टि व्यक्त गर्छिन्।

राजनीतिक दलहरुले समावेशिताको मुद्धा उठाएर जनता अल्माल्याएपनि वास्तवमा उनीहरु समावेशी नभएको राजनीतिक विश्लेषक डा. विष्णु दाहाल बताउँछन्। 'प्रचण्डको समावेशिताको मुद्धा पनि हात्तीको देखाउने दाँत जस्तै भएको छ, उनी आफ्नै मुद्धामा अडिग देखिएनन्, त्यसैले त अहिलेको पदाधिकारी चयन असमावेशी देखियो उनले भने। साथै उनले हरेक दलमा ३३ प्रतिशत पनि महिला समावेशिता नभेटिएको बताएका छन्। पटक पटक समावेशिताको मुद्धा उठाउने प्रचण्डले नै आफैंले बनाएको कमिटी असमावेशी बनाएका छन्। केही नेताहरुले सबैको व्यवस्थापन मिलाउँदा समावेशितालाई ध्यान दिन नसकेको बताए पनि अध्यक्ष प्रचण्ड स्वयं पनि यसमा सचेत भने देखिदैंनन्।

### श्रममन्त्री...

अविभावक गुमाएका परिवार तनावमा रहने गरेको, मेलेसिया तथा खाडीका अन्य देशमा रोजगारीमा जाने कामदारबाट म्यानपावर कम्पनीहरुले लाखौं रकम लिएकोलगायतका गुनासो राखेका थिए।

मन्त्री कुँवरले श्रमिकको गुनासो सुन्नुको उद्देश्य श्रमिकका समस्या समाधानका लागि मन्त्रालय गम्भीर र तत्पर रहेको स्पष्ट हुने भन्दै आएका उजुरी समाधान गर्न ढिला नगरिने बताए। श्रम स्वीकृत नगरी विदेशमा पुगेका, विदेशमा नै ज्यान गएकालाई नेपाल ल्याउन केही कानूनी जटिलताहरु रहेको बताउँदै मन्त्री कुँवरले कामदारले कामको प्रकृति, सम्बन्धित देशको कानून, धर्म सँस्कृति र परम्परा नबुझी विदेश नजान पनि आग्रह गरे। मन्त्रालयका सचिव एकनारायण अर्यालले मन्त्रालयको कल सेन्टरमा दैनिक स्वदेश तथा विदेशबाट दुई सय वटा उजुरी आउने गरेको जानकारी दिए। मन्त्रालयले उजुरी छनोट गरेर प्रहरी र विभिन्न विभागमा सम्बोधनका लागि पठाउने गरेको जानकारी दिँदै सचिव अर्यालले कल सेन्टरमा आएका उजुरीको आधारमा गत वैशाखयताको चार महिनामा पीडितहरुको ३० करोड रुपैयाँ असुल गरेको बताए। सचिव अर्यालले मन्त्रालयमा कल सेन्टर स्थापना गरिएको ६ वर्ष पुगेको र दैनिक २ सय भन्दा बढी गुनासाहरु आउने गरेको पनि जानकारी दिए।

मन्त्रालयले कामदारको समस्या, गुनासो तथा सुझाव राख्न नेपाल टेलिकमको टोल फ्रि नम्बर ११४१, मन्त्रालयको टोल फ्रि नम्बर १६६००१५०००५, ल्यान्डलाइन नम्बर +९७७-०१-५९७०००८, ह्वाट्स एप र भाइबर ९८०१३०००३३ र फेसबुक आइडीमार्फत सम्पर्क गर्न सकिने बताएको छ।

## 'आफैं कमाउ, आफैं पढ र कम्तीमा एक अभिभावक, एक विद्यार्थी पढाउ' अभियान सञ्चालन

विराटनगर/मस-मनमोहन प्राविधिक विश्वविद्यालयले मुलुकलाई विकसित राष्ट्र निर्माणका लागि आवश्यकपर्ने दक्ष जनशक्ति उत्पादन कार्य सुरु गरेको छ।

प्रदेश नं १ सरकार, भारत सरकार र मनमोहन स्मृति प्रतिष्ठानबीच त्रिपक्षीय सम्झौताबाट मोरङको बूढीगङ्गा गाउँपालिका-४ मा स्थापित विश्वविद्यालयले विश्वमा अध्ययन अध्यापनमा आएको अत्याधुनिक पाठ्यक्रम प्रयोग गरी सिभिल र इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक इञ्जिनियरिङको अध्यापन कार्यको पहिलो समूह आर्थिक वर्ष २०७८/८९ देखि सुरु गरेको हो।




प्रदेश नं १ सरकारबाट मनमोहन स्मृति पोलिटेक्निकलाई मनमोहन प्राविधिक विद्यालय बनाउन अनेक रस्साकस्सीका बाबजुद विधेयक संसदबाट पारित भई तत्कालीन प्रदेश प्रमुखबाट २०७६ असोज १६ गते प्रमाणीकरण भएको हो। विश्वविद्यालयअन्तर्गत मनमोहन पोलिटेक्निकमा रहेको २१ विगहा दुई कट्ठा आठ धुर जग्गामध्ये सात विगाहा छ कट्ठा जग्गामा पूर्वाधार निर्माण भएको छ। विश्वविद्यालय स्थापनाले यहाँ अध्ययन गर्ने विद्यार्थीका कारण यस क्षेत्रलाई तराई, पहाड र हिमालसँग जोड्नुका साथै यस क्षेत्रमा थारु र मुस्लिम समुदायमा शिक्षाको विकास हुनेछ भने बजार विस्तारबाट आर्थिक चलायमानसमेत भएको छ। पोलिटेक्निकले सञ्चालन गरेको 'आफैं कमाउ, आफैं पढ र कम्तीमा एक अभिभावक, एक विद्यार्थी पढाउ' अभियान निकै सार्थक देखिएको छ।

विश्वविद्यालयले अहिले सिभिलमा २४ र इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक इञ्जिनियरमा १० गरी ३४ विद्यार्थीलाई अध्यापन गराइरहेको रजिष्टार डा दीपनाथ फुयाँलले जानकारी दिए। उनका अनुसार नेपाल इञ्जिनियर काउन्सिलबाट ४८/४८ सिटको कोटा प्राप्त भए पनि पहिलो वर्ष भएकाले २४ र १० सिटमा भर्ना गरिएको छ।


## UAE मा रोजगारको अवसर | १. कम्पनी: POWER SECURITY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५८१३ L.T. No.: 270121

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - DPS | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 25 | 0 | | 2000 | ६९,०८० | | | | | | | |

२. कम्पनी: FOCUS POWER SECURITY SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९३१ L.T. No.:268272 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard (Eiac) | 20 | 0 | | 1200 | ४१,६६४ | | | | | | | |
| 3. | Security Guard - Sira | 20 | 0 | | 1200 | ४१,६६४ | | | | | | | |

३. कम्पनी: BW BUILDING CLEANING SERVICES शहर: AJMAN
पूर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२०८ L.T. No.:257767 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 6 | 0 | स. काममा दक्ष | 900 | ३१,२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849913982, 9849835502, 9810274885, 9851168772, 9818106406



## UAE को FIVE STAR HOTEL मा रोजगारको अवसर

कम्पनी : J A RESORTS AND HOTELS LLC शहर: UAE
पूर्व स्वीकृत मितिः२०७९/०३/२० चलानी नं.: ६०१८२५४३ LT. No.: 266470 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender / Barman | 10 | 10 | स. काममा दक्ष | 1700 | ५८,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bell Man/doorman/porter | 10 | 10 | | 1500 | ५२,००५ | | | | | | | |
| 3. | Chamberman/chambermaid(Room Attendent) | 20 | 20 | | 1150 | ३९,८७० | | | | | | | |
| 4. | Chef De Partie | 10 | 5 | | 3500 | १२१,३४५ | | | | | | | |
| 5. | Commis/general Cook | 20 | 20 | | 1500 | ५१,५२५ | | | | | | | |
| 6. | Demi Chef De Partie | 10 | 10 | | 2300 | ७९,७४१ | | | | | | | |
| 7. | Guest Relations Officer/receptionist | 5 | 5 | | 2000 | ६९,३४० | | | | | | | |
| 8. | Laundry Sorter/laundry Att. | 15 | 10 | | 1150 | ३९,५०२ | | | | | | | |
| 9. | Life Guard/rescuer | 5 | 3 | | 1700 | ५८,९३९ | | | | | | | |
| 10. | Telephone Operator | 5 | 5 | | 1700 | ५८,९३९ | | | | | | | |
| 11. | Therapist/spa Therapist | 10 | 10 | | 2300 | ७९,७४१ | | | | | | | |
| 12. | Waiter/waitress | 20 | 20 | | 1250 | ४३,३३७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (बसुन्धरा नापी कार्यालय सँगै)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4383377, Mob.: 9801059557, 9801159556, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com
GPO Box: 261, Basundhara-29, Kathmandu
Tel: 01-4983377, 4973377, Mob.: 9801059911, 9801059988 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com



## शुन्य लागत (ZERO COST) मा मलेसियामा वैदेशिक रोजगार

१. कम्पनी : NEW SYSTEM ENGINEERING SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२७ चलानी नं.: ६०१८५८४१ LT. No.: 269349

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9746522520, 9816271280.
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com



## CYPRUS र KUWAIT मा रोजगारको अवसर

१. कम्पनी: Theo Employment and Travel Ltd. शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०७८/१०/०२ चलानी नं.: ६०१७२८०७ LT. No.: 256081 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Helper | 0 | 16 | सम्बन्धित काममा दक्ष | 314 | ४०,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Agriculture Worker | 0 | 2 | | 425 | ५४,४५५ | | | | | | | |
| 3. | Cook A. | 1 | 0 | | 1262 | १६१,७०० | | | | | | | |
| 4. | Cook B | 1 | 0 | | 1018 | १३०,४३६ | | | | | | | |

**कुवेतमा रोजगार** | २. कम्पनी: UNITED EAST PROJECTS GENERAL TRADING WLL
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ चलानी नं.: ६०१७१६२३ LT. No.: 255357 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor / General | 20 | 0 | | 95 | ३९,३५१ | | | | | | | |
| 3. | Light Vehicle Driver | 20 | 0 | | 135 | ५५,९२१ | | | | | | | |
| 4. | Supervisor | 9 | 0 | | 180 | ७४,५६१ | | | | | | | |
| 5. | Technician / Oil Field | 25 | 0 | | 135 | ५५,९२१ | | | | | | | |
| 6. | Technician / Vehicle Insp | 12 | 0 | | 135 | ५५,९२१ | | | | | | | |
| 7. | Technician/maintenance | 3 | 0 | | 135 | ५५,९२१ | | | | | | | |
| 8. | Truck Driver | 8 | 0 | | 180 | ७४,५६१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कम्पनी नं. १ को रु. ३५,०००/- २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Raj Group Of Company Pvt. Ltd.**
License No.: 1245/074/075
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## मलेसियामा रोजगार | कम्पनी : PASARAYA TTJ FAMILY SDN BHD
शहर:JALAN

पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७९२ LT. No.: 269916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wholeshale Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Gorkhas Associate (P.) Ltd.**
Gov. Lic. No. 969/067/068
P.O. Box: 21051, Maharajgunj -4-Dhara Marg, Kathmandu, Nepal
Tel: 01-4378895, 4377756, 4379078



## मलेसियामा रोजगारको अवसर | १. कम्पनी: KAYANGAN SECURITY SERVICES SDN.BHD.
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७७५ LT. No.:269922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SPN SECURITY SERVICES SDN BHD शहर: JALAN
पूर्व स्वीकृत मितिः २०७६/०९/२० चलानी नं.: ६०१४९५६८ L.T. No.: 230597 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1100 | ३१,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**UTSAV H.R. SOLUTION PVT. LTD.**
Govt. Lic. No. 1459/074/075
Pingalasthan-9, Gaushala, Kathmandu, E-mail: info.utsavhrsolution@gmail.com
Mobile: 9817051856, 9806008270,9815998546,9852686077,9851171553 Tel.: 4484436

# मदिरा सेवनबाट कलेजो बिग्रने समस्या बढ्दो




**चितवन/मस-** अत्यधिक नियमित मदिरा सेवन गर्नाले कलेजो बिग्रनेको संख्या दैनिक बढ्दो छ । भरतपुरको मौलाकालिका अस्पतालका रेडियोलोजिष्ट डा रमेश घिमिरेसँग जाँच गराउन आउने बिरामीमध्ये दैनिक सरदर तीन जना मदिरा सेवनका कारण कलेजो बिग्रेर आउने गर्दछन् । उनले भने, 'कलेजो बिग्रने अवस्थामा जाँदै गरेका बिरामी दैनिक छ हाराहारी आउँछन् ।'

अस्पतालमा कलेजोरोग विशेषज्ञ र मनोरोग विशेषज्ञ भएकाले यस्ता बिरामी बढी हुने गरेका छन् । यसो त यहाँका मेडिकल कलेज, सरकारी भरतपुर अस्पताल र अन्य निजी अस्पतालमा यो समस्या लिएर आउनेको संख्या निकै बढी हुने गरेको छ ।

उनले भने, 'फ्याटी लिभर भएका दैनिक आठ/दश जना आउँछन् । तीमध्ये ७५ प्रतिशत मदिरा सेवन गर्नेहरू हुन्छन् ।' 'फ्याटी' लिभर भएका सामान्य, मध्यम र जटिल भएर आउने गर्दछन् । उनीहरूलाई सामान्य अवस्थामा फर्काउन सकिने चिकित्सकहरू बताउँछन् । कलेजोको 'सिरोसिस' भएकालाई पूर्ववत अवस्थामा फर्काउन कठिन हुन्छ । यस्तालाई प्रत्यारोपणको विकल्प हुँदैन ।

डा घिमिरेले 'सिरोसिस' भएको बिरामीको कलेजो जुटको बोराजस्तै हुने जानकारी दिए । चितवन मेडिकल कलेजका कलेजो प्रत्यारोपण सर्जन डा. सञ्जयकुमार यादवले अस्पतालमा हालसम्म प्रत्यारोपण गरिएका छ जना सबैको उच्च मदिराका कारण कलेजो काम नलाग्ने भएको बताए । तीमध्ये एक जनामा हेपाटाइटिस बी समेत देखिएको थियो । उनले भने, 'नेपालमा कलेजोमा समस्या आउने अधिकांश मदिराको कारण हो ।' लामो समयसम्म धेरै मदिरा पिउनेहरूमा कलेजोको समस्या हुने गरेको छ । धेरै मदिरा सेवन गर्नेहरूमध्ये १० देखि १५ प्रतिशतमा कलेजोको समस्या हुने उनले बताए ।

चिकित्सकका अनुसार नियमित धेरै मदिरा सेवन गर्नेका १० देखि १५ वर्षमा कलेजो बिग्रने गर्दछ । शुरुमा कलेजो खराब भए पनि बाहिर समस्या देखिँदैन । भिडियो एक्सरे र रगत परीक्षण गर्दा मात्रै समस्या देखिने डा. यादवले बताए । उनले भने, ' मदिरा सेवन गर्नेहरूले नियमित भिडियो एक्सरे वा रगतको नमूना परीक्षण गराउनु पर्छ ।' मदिरा धेरै सेवन गर्नेमा जण्डिस हुने, पेटमा पानी जम्ने, रगत वान्ता गर्ने, बेहोस हुनेजस्ता समस्या देखिने डा. यादवको भनाइ छ । हेपाटाइटिस बी र सी का कारण पनि कलेजो खराब हुने गर्दछ । तौल बढी भएका, वंशाणुगत रोग हुनेहरू र कलेजोको क्यान्सर भएर पनि समस्या देखिने डा यादवले जानकारी दिए ।

मदिरा धेरै सेवन गर्नेहरुले समय-समयमा परीक्षण नगर्ने र अन्तिम अवस्था पुगेपछि मात्रै परीक्षण गर्दा कलेजो पूरै काम नलाग्ने अवस्थामा पुग्ने गरेको पाइन्छ ।


## बार्षिक साधारण सभाको सूचना


यस संस्थाको मिति २०७९/०५/०५गते बसेको सञ्चालक समितिको वैठकले तल उल्लेखत विषयहरु उपर छलफल गर्न निम्न मिति, स्थान र समयमा बाह्रौं बार्षिक साधारण सभा बोलाउने निर्णय गरेकाले उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**मिति : २०७९/५/२३ गते**
**स्थान : अनुपम फुडल्याण्ड एण्ड बैक्वेट, गौशाला, काठमाण्डौं**
**समय : दिनको ४:00 बजे**

**सभामा छलफल गरिने विषयहरु :**
१) सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा
२) लेखा समितिको प्रतिवेदन सम्बन्धमा
३) कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा
४) आर्थिक वर्ष २०७८/०७९को सस्थाको आय व्ययको विवरण सम्बन्धमा
५) आर्थिक वर्ष २०७९/०८० को लागि लेखा परिक्षक नियुक्त गरि पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
७) लाभांश सम्बन्धमा ।
८) आर्थिक वर्ष २०७८/०७९ मा सदस्यहरुलाई दिईएको छुट र मिनाहा सम्बन्धमा ।
९) आर्थिक वर्ष २०७८/०७९ को आर्थिक कारोबार अनुमोदन गर्ने सम्बन्धमा ।
१०) कर्जामा लिने ब्याज र निक्षेपमा दिने ब्याज तोक्ने सम्बन्धमा ।
११) विनियम संसोधन सम्बन्धमा ।
१२) संचालक समिति, लेखा समिति र कर्जा समितिको भत्ता वृद्धि सम्बन्धमा ।
१३) बिविध ।

**पिपल वृक्ष वचत तथा ऋण सहकारी सस्था लि.**
नयाँ वानेश्वर काठमाण्डौ


# 'दाप्चालाई धार्मिक-सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा विकास गरिनुपर्ने'



**बनेपा/मस-** पूर्वी ढोकाका रूपमा परिचित काभ्रेपलाञ्चोकको दाप्चा क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्व बोकेको क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाउन नागरिकले जोड दिएका छन् । विपी राजमार्ग सञ्चालनमा आएसँगै पर्यटकीय र सांस्कृतिक सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरी दाप्चा क्षेत्र विकास र प्रवर्द्धनका हिसाबले पछाडि परेको भन्दै यहाँका नागरिकले सो क्षेत्रको विकासमा पहल गर्न आग्रह गर्दै आएका छन् ।

राजधानी काठमाडौंबाट नजिक रहेको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको नमोबुद्ध गुम्बाले परिचित सो ठाउँ नजिकै रहेको दाप्चामा प्रशस्त पर्यटकीय सम्भावना छन् । बनेपाबाट दाप्चा हुँदै पैदलयात्राबाट हुने व्यापारिक नाकाका रूपमा रहेको सो ठाउँ विपी राजमार्ग सञ्चालनमा आएसँगै ओझेल परेको हो । विभिन्न कलात्मक घर, मठमन्दिर र प्राकृतिक सुन्दरताले भरिपूर्ण पुरानो ऐतिहासिक सम्पदा भएको सो क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न कोटकालिका एकीकृत विकास तथा मन्दिर संरक्षण समितिसमेत गठन भएको छ ।

यहाँका युवाले पनि दाप्चाका दुई बजारमा ऐतिहासिक कृष्ण जन्माष्टमीको विशेष जात्रा हुने दाप्चा क्षेत्रको पर्यटकीय विकासका लागि योजना बनाइरहेका छन् । सांस्कृतिक हिसाबले विशेषगरी कृष्ण जन्माष्टमीको रथयात्रा र भीमसेन जात्रा हुने सो क्षेत्रमा दाप्चा आसपासका नागरिकको सहभागिता हुँदै आएको छ । करिब चार सय १५ वर्ष पुरानो जात्रालाई दाप्चाका स्थानीयले प्रत्येक घरधुरीबाट पैसा उठाएर जात्रा मनाउने कामलाई निरन्तरता दिँदै आएको स्थानीय बासिन्दा बताउँछन् ।

श्रीकृष्ण जन्माष्टमी, नवदुर्गा जात्रा समिति, तल्लो हटियाका अध्यक्ष शिव श्रेष्ठले गुठियारबाट उठाएको पैसाले जात्रा चलाउन कठिन भएकाले राज्यबाट पनि सहयोग गर्नुपर्ने बताए । सांस्कृतिक संरक्षण र प्रवर्द्धनका लागि स्थानीय, प्रदेश र सङ्घ सरकारले समेत सहयोग गर्नुपर्ने बताउँदै दाप्चाका पुरानो जात्रा सञ्चालन र संरक्षणका लागि स्थानीय तहले सहयोग गरे पनि त्यो पर्याप्त नभएको माथिल्लो हटियाका स्थानीय युवा जीवन श्रेष्ठले बताए । तल्लो हटियामा विसं १६६४ देखि र माथिल्लो हटियामा विसं १९६० र कोट हटियामा विसं २००० देखि जात्रा शुरु हुँदै आएको शिलालेखहरूमा उल्लेख छ ।

दाप्चामा नवदुर्गासहित गणेश, लाखे नाच, महादेव, देवी, भैरव, पार्वती, विष्णु, लक्ष्मी, वाराही, महाकालीका साथै राजारानी र हंशभारत नाच हुन्छ । जात्रा मनाएपछि घरपरिवार र शरीरमा भएको सबै प्रकारका समस्या नाश भएर जाने धार्मिक मान्यता छ । सो अवसरमा लाग्ने मेलामा रोजगार र व्यावसायिक कामले विभिन्न स्थानमा गएका परिवारका सदस्य र आफन्त आउने गरेका छन् ।

अध्ययन, रोजगार, व्यापारलगायत विभिन्न कामका सिलसिलामा काठमाडौं, बनेपालगायतका सहरमा बसोबास गर्न थालेपछि जात्रालाई निरन्तरता दिन समस्या उत्पन्न हुने भन्दै यहाँका स्थानीय युवा यसको संरक्षणमा जुटेका छन् । केही युवा परम्परागत नृत्य सिकेर यसलाई पछिल्लो पुस्तासम्म विस्तार गर्ने क्रममा छन् ।

विविध क्षेत्रबाट महत्व बोकेको दाप्चा क्षेत्रको विकासका लागि नमोबुद्ध नगरपालिकाका प्रमुख कुन्साङ लामाले सो क्षेत्रको पर्यटकीय विकासका लागि नगरपालिका योजना बनाएर लागिरहेको बताए । आफू नगरपालिका प्रमुखमा विजयी भएपछि पहिलोपटक प्रदेश राजधानी हेटौँडा पुगेर संस्कृति तथा पर्यटनमन्त्रीलाई भेटी दाप्चा क्षेत्रको धार्मिक र सांस्कृतिक महत्वको क्षेत्र बनाउन प्रस्ताव पेश गरेको बताए । सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय क्षेत्रको विकासका लागि नगर प्रतिबद्ध रहेको उनले बताए ।

कृष्ण जन्माष्टीको रथयात्रा र भीमसेन जात्रा अवलोकन गर्न शनिबार दाप्चा पुगेका बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठले नमोबुद्ध नगरपालिकाको माथिल्लो भेग दाप्चा क्षेत्रको सांस्कृतिक र पर्यटकीय विकास गर्न बागमती प्रदेश मन्त्रालय प्रतिबद्ध रहेको बताए । 'पर्यटकीय र सांस्कृतिक सम्पदाले भरिपूर्ण ऐतिहासिक नगर दाप्चाको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध छ', उनले भने ।

यसअघि पनि प्रदेश सरकारले दाप्चा कोटकालिका मन्दिर क्षेत्रमा केही पूर्वाधारका लागि सहयोग गरेको र अब विभिन्न क्रमागत योजनामार्फत यो क्षेत्रको विकास गर्न प्रदेश सरकारले काम गर्ने उनले बताए ।


## मलेसिया र कतारमा रोजगार

१. कम्पनी : TYLON MANUFACTURING (MALAYSIA) SDN BHD
शहर: SELENGOR
पुर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७६४ L.T. No.: 269897

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Production Operator | 40 | 20 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : HOT N COOL SPECIAL
शहर: Doha
पुर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७८१ L.T. No.: 269911

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Packing Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | sandwich Maker | 3 | 0 | | 1300 | ४५,२६६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## QATAR मा रोजगारको अवसर

कम्पनी: GOLDEN NAILS IRRIGATION AND LANDSCAPE
शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७७९ L.T. No.:269928

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | FARMER | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १३ गते (29 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१- ४४९९७६३, ४४७८३३५

## SAUDI र QATAR मा रोजगार

१. कम्पनी : NATIONAL SECURITY SERVICE COMPANY
शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४४९७ LT. No.: 257730 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Normal Factor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता लक्ष्मी होटल, तिलित्तमा बुटवलमा २०७९ भदौ १२ गते (28 August 2022) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता लक्ष्मी होटल, तिलित्तमा बुटवलमा २०७९ भदौ १३ र १४ गते (29 & 30 August 2022) मा हुनेछ ।

२. कम्पनी : DULSCO QATAR WLL
शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४४९७ LT. No.: 260990 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
